रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : ६ मिति : २०८१/०५/१६

## भाग २

## रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि ,२०८१

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८१/०५/१२

## रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि ,२०८१

**प्रस्तावनाः** रंगेली नगरपालिका क्षेत्र भित्रका बस्ती, समुदाय, बजार, सार्वजनिक सम्पत्ति, संरचनाहरुको नियमन, सुरक्षा, संरक्षण एवं नगरपालिकाबाट जारी भएका नीति, निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ २क१ ले दिएको अधिकार अनुसार हुने गरी नगर प्रहरीको पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि रंगेली नगरकार्यपालिकाले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरेको छ ।

### दफा १
### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

ख. यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**१.२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "प्रमुख भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ख) "ऐन भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

(ग) “कार्यविधि” भन्नाले रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि २०८१ सम्झनुपर्दछ।

(घ) कार्यालय भन्नाले रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) "नगर प्रहरी" भन्नाले दफा २ बमोजिमको नगर प्रहरी सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनुपर्दछ ।

(च) समिति भन्नाले दफा ३ को उपदफा ३.३ अनुसार गठन भएको नगर प्रहरी छनौट तथा सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(छ) "अस्पताल सुरक्षाकर्मी" भन्नाले रंगेली नगरपालिका मातहत रहेको रंगेली अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन नियुक्त सुरक्षाकर्मी कर्मचारीलाई सम्झनुपर्दछ।

## दफा-२

## नगर प्रहरीको काम कर्तव्य र अधिकार

१. नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

२. नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

३. स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

४. स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

५. नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

६.न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

७. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

८. विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना,

९.अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

१०. छाडा चौपायाको नियन्त्रण,

११.अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

१२. सार्वजनिक आवागमनमा बाधा पु¥याई राखेका निर्माण सामग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

१३. सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

१४.नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

१५. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने ।पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

१६. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

१७. छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

१८. खतरा उत्पन्न हुने रुख काट्न तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१९. वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

२०. नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

२१. ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता÷नवीकरण गर्न लगाउने

२२.रंगेली नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

२३.नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

२४. नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने

२५. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

२६.नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

२७.नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

२८. अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२९. शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

३०. दमकल सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने ।

३१. विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

३२.नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

३३. नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

३४. माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने

३५.नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## दफा ३

## नगर प्रहरीको पद, योग्यता र पदपुर्ती व्यवस्था

३.१ नगर प्रहरीका पदहरू देहाय अनुसार रहनेछन्। नगर प्रहरी सेवामा देहाय पदहरुमा रहने नगर प्रहरीहरुको संख्या कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) नगर प्रहरी नायब निरिक्षक, सहायकस्तर पाँचौं सरह (नेपाल प्रहरीको नायब निरीक्षक सरह)

(२) नगर प्रहरी सहायक निरीक्षक, सहायकस्तर चौथो सरह (नेपाल प्रहरीको सहायक निरीक्षक सरह)

(३) नगर प्रहरी हवल्दार, सहायकस्तर तृतीय (नेपाल प्रहरीको सहायक हवल्दार सरह)

(४) नगर प्रहरी जवान, सहायकस्तर द्वितिय (नेपाल प्रहरीको जवान सरह)

३.२ नगर प्रहरी पदका लागि न्यूनतम योग्यता देहायनुसार हुनेछ।

**(क) नगर प्रहरी नायव/सहायक निरिक्षकको योग्यताः**

- नेपाली नागरिक भएको
- मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वा नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ ।
- नेपाली सेना, जनपद प्रहरी वा सशस्त्र प्रहरीबाट अवकाश भएको वा अन्य देशको सेना प्रहरीबाट अवकाश भएकाको हकमा उमेरको हद ५५ बर्ष,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- सरकारी अस्पतालले दिएको निरोगिताको प्रमाणपत्र भएको,
- सम्बन्धित इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।
- रंगेली नगरपालिकामा कामकाज गरी राजीनामा दिएको, निबृत्त भएको, उपदान लिएको वा कारवाहीमा परी सेवाबाट नहटाइएको कर्मचारी वा नगर प्रहरी हुनुपर्ने ।

**(ख) नगर प्रहरी जवानको योग्यताः**

- नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थावाट (एसइई वा सो सरह) उत्तीर्ण गरेको,
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, जनपद प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएका वा अन्य देशको सेना प्रहरीबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- सरकारी अस्पतालले दिएको निरोगिताको प्रमाणपत्र भएको,
- सम्बन्धित इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,

- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- रंगेली नगरपालिकामा कामकाज गरी राजीनामा दिएको, निबृत्त भएको, उपदान लिएको वा कारवाहीमा परी सेवाबाट नहटाइएको कर्मचारी वा नगर प्रहरी हुनुपर्ने ।

**३.३ नगर प्रहरी छनौट तथा सिफारिस समितिः** १) नगर प्रहरीका विभिन्न पदहरुमा करार सेवामा छनौट गरी नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्न देहाय अनुसारको समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख. इलाका प्रहरी कार्यालय, रंगेलीको प्रमुख - सदस्य

ग. प्रशासन शाखा प्रमुख, रंगेली नगरपालिका - सदस्य सचिव

अन्य विज्ञ सदस्य तथा कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतले तोकेनुसार हुनेछ ।

२) उपदफा १ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार निम्नानुसारको हुनेछ ।

(क) पदपूर्ति कार्यतालिका बनाउने ।

(ख) परीक्षा संचालन गर्ने।

(ग) पदपूर्तिका लागि सार्वजनिक रुपमा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्ने ।

(घ) शारीरिक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने

(ङ) छनौट गरी नियुक्ति गर्ने ।

**३.४ पदपुर्तीको किसिमः-** क) नगर प्रहरीका पदहरु मध्ये नगर प्रहरी हवल्दार बाहेक अन्य पदहरु खुल्ला प्रतिष्पर्धात्मक परीक्षाद्वारा पदपूर्ती गरिनेछ।

ख) नगर प्रहरी हवल्दारको पदमा आन्तरिक बढुवा गरिनेछ।कार्यपालिकाको सिफारिसमा आवश्यकताका आधारमा नगरसभाले नगर प्रहरी जवान मध्येबाट नगर प्रहरी हवल्दारमा बढुवा गर्नेछ।

ग) बढुवा गर्दा देहायका आधार लिइनेछः-

- न्यूनतम ३ बर्ष सेवा अवधी भएको
- असल अनुशासन र जिम्मेवारी बहन गरेको
- सम्मान वा पुरस्कार प्राप्त गरेको
- पदीय दायित्व निर्वाहमा अब्बल रहेको

**३.५ परीक्षाको पाठ्यक्रमः** नगर प्रहरी नायब/सहायक निरीक्षकको पाठ्यक्रम अनुसूची ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

## दफा-४
## छनौट सम्बन्धी व्यवस्था

**४.१ छनौट सम्बन्धी व्यवस्थाः** नगर प्रहरी कर्मचारीहरू कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचीकरण (short list) तथा छनौट (selection) सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी कर्मचारीको कार्य विवरण बमोजिम कार्य गर्न पदपुर्तीका लागि सम्बन्धित सेवा समूहको योग्यता, पारीश्रमिक, सेवाशर्त समेत तोकी विज्ञापनको सार्वजनिक सूचना अनुसूची १ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको समय उपलब्ध गराई आवेदन आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ख) आवेदन फारामको नमूना अनुसूची-२ बमोजिम हुनेछ। आवेदन दस्तुरको हकमा नगर प्रहरी नायव/सहायक निरीक्षकको रु.७००। तथा नगर प्रहरी जवानको हकमा रु.५००। हुनेछ।

(ग) उपदफा (ख) बमोजिम पर्न आएका आवेदनहरु उपर तोकिए अनुसार शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षाका लागि परीक्षा तालिका, मिति, समय र स्थान पदपूर्ती समितिले तोके अनुसार हुनेछ।

**४.२ शारीरिक तन्दुरुस्ती परीक्षणः** शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षाका लागि रंगेली अस्पतालले तोकेको फिजिसियन वा मेडिकल अधिकृतको संयोजकत्वमा इलाका प्रहरी कार्यालयले तोकेको कम्तीमा प्रहरी सहायक निरिक्षक सदस्य र संयोजकले तोकेको नगरपालिकाको प्रतिनिधी कर्मचारी सदस्य रहने गरी ३ सदस्यीय उपसमिति रहनेछ।शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षा तोकिए अनुसार सम्पन्न गरी सोको नतीजा पदपूर्ती समितिलाई बुझाउनु पर्नेछ।अन्य व्यवस्था पदपूर्ती उप-समितिले निर्धारण गरे बमोजिम हुनेछ।उप समितिको सिफारिसका आधारमा पदपुर्ती समितिले शारिरिक तन्दुरुस्ती परीक्षणको नतिजा प्रकाशन गर्नेछ।शारीरिक तन्दुरुस्ती परीक्षणमा उत्तीर्ण भएका उम्मेद्वारहरुलाई मात्र अन्य चरणका परीक्षाहरुमा सहभागी गराईने छ।

**४.३ लिखित परीक्षा तथा अन्तर्वार्ताः**

(क) नगर प्रहरी नायब/सहायक पदहरुको लिखित तथा अन्तर्वार्ता दुवै सञ्चालन गर्दा लिखित परीक्षाको पूर्णाङ्क १०० र उतिर्णाङ्क ४० हुनेछ।**लिखीत परीक्षामा** उत्तिर्ण उम्मेदवारलाई मात्र अन्तर्वार्तामा समावेश गरिनेछ।अन्तर्वार्ता ३० अंकको हुनेछ।अन्तर्वार्तामा न्यूनतम ४०% भन्दा कम र ७०% भन्दा बढी अंक प्रदान गर्दा उपयुक्त कारण खोली कैफियत लेख्नुपर्नेछ ।

(ख) अन्तिम नतिजाको लागि प्राप्ताङ्क गणना गर्दा तपशिलको तालिका बमोजिम गरिनेछ ।

| न्यूनतम शैक्षिक योग्यता ५ अङ्क | स्थानीयता १५ अङ्क | लिखित १०० अङ्क | अन्तर्वार्ता २५ अङ्क | | | जम्मा प्राप्तांक |
|---|---|---|---|---|---|---|
| प्रथम श्रेणी-५ अंक<br>द्वितीय श्रेणी-३ अंक<br>तृतीय श्रेणी-१ अंक | जिल्ला भित्र-८<br>नगर भित्र-१५ | १०० अंक | बिषयबस्तुको ज्ञान | प्रस्तुतीकरण | व्यक्तित्व | १५० अंक |
| | | | १५ | १० | ५ | |

(घ) नगर प्रहरी जवानका पदहरुको लिखित परीक्षा हुने छैन। निजहरुको छनौटको लागि अन्तर्वार्ता ३० अंकको हुनेछ। अन्तर्वार्तामा न्यूनतम ४०% भन्दा कम र ७०% भन्दा बढी अंक प्रदान गर्दा उपयुक्त कारण खोली कैफियत लेख्नु पर्नेछ ।

(ङ) नगर प्रहरी जवानको अन्तिम नतिजाको लागि प्राप्ताङ्क गणना गर्दा तपशिलको तालिका बमोजिम गरिनेछ ।

| न्यूनतम शैक्षिक योग्यता ५ अङ्क | स्थानीयता १५ अङ्क | अन्तर्वार्ता २५ अङ्क | | | जम्मा प्राप्तांक |
|---|---|---|---|---|---|
| प्रथम श्रेणी-५ अंक<br>द्वितीय श्रेणी-३ अंक<br>तृतीय श्रेणी-१ अंक | जिल्ला भित्र-८<br>नगर भित्र-१५ | बिषयबस्तुको ज्ञान | प्रस्तुतीकरण | व्यक्तित्व | ५० अंक |
| | | १५ | १० | ५ | |

## दफा-५
## नतिजा प्रकाशन तथा करार सम्बन्धी व्यवस्था

### ५.१ नतिजा प्रकाशनः

(क) पदपूर्ती समितिले अन्तिम नतीजा प्रकाशनको कार्य गर्नेछ । समितिले यस कार्यका लागि आवश्यकता अनुसार अन्य विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण एवम् परिचालन गर्न सक्नेछ ।

(ख) नतीजा प्रकाशन गर्दा सफल उम्मेद्वारका साथै २५% वैकल्पिक उम्मेद्वार समेतको नामवली प्रकाशन गर्नुपर्नेछ।

### ५.२ करार सम्झौता गर्नेः

(क) कार्यालयले सूचीकृत गरेका सफल उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार सम्झौता गर्न सूचना दिनुपर्नेछ।

(ख) उपदफा (क) बमोजिमको अवधीभित्र करार सम्झौता गर्न आउने सफल उम्मेदवारले अनुसूची-३ बमोजिम करारका लागि निवेदन दिनुपर्नेछ। कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा करार गर्नेछ। उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(ग) उपदफा (ख) बमोजिम करार गरे पश्चात अनुसूची ४ बमोजिमको नमूना बमोजिमको करार पत्र कार्यालयले दिनुपर्नेछ ।

(घ) उपदफा (ख) बमोजिम कार्यालयले कार्यविवरण दिंदा विषयगत शाखा समेत तोकी काममा लगाउन सक्नेछ ।

(ङ) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्त सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र

अवधि हेरी करारको अवधि संशोधन गर्न सक्नेछ । करार अवधि समाप्त भएपछि म्याद थप सम्बन्धमा नगरपालिकाको निर्णयानुसार हुनेछ ।

(च) उपदफा (ङ) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा निजको कार्यको मूल्यांकन हेरी कार्यपालिकाको निर्णयका आधारमा करार नविकरण गरिनेछ।

(छ) नगर प्रहरीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ।यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइनेछैन।

## दफा-६
## शर्त, पारिश्रमिक र अवधि

६.१ यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरीको पारीश्रमिक तथा सुविधा नेपाल प्रहरीका समान तहले पाउने सरहको शुरू तहको तलब, राशन, पोशाक पाउने वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।कामको प्रकृति र सेवालाई विशेष ध्यानमा राखी जिम्मेवारीका आधारमा थप सुविधा उपलब्ध गराउन सकिनेछ। नगर प्रहरीहरुको दुर्घटना बीमा कार्यालयले गर्नेछ।

६.२ कार्यालयले नगर प्रहरीको पारीश्रमिक भुक्तानी गर्दा नीजले महिना भरी गरेको हाजिरी प्रतिवेदन सहित सम्बन्धित विषयगत शाखाको सिफारिशका आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ।

६.३ यस कार्यविधि बमोजिम नगर प्रहरीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबि गर्न पाउने छैन ।

६.४ करार सम्झौता गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधि एकपटकमा १ (एक) वर्ष भन्दा बढी हुनेछैन ।

## दफा-७
## बिदा सम्बन्धी व्यवस्था

विदा अधिकारको कुरा होइन ।

१. नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

२. कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

३. विदाको किसिमहरुः

नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन ।

अ) भैपरी/पर्व विदा

आ) किरिया विदा

इ) प्रसुती विदा

**अ) भैपरी/पर्व विदाः** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।भैपरी/पर्व आउने विदा साधारणत एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ।

**आ) किरिया विदाः** नगर प्रहरी कर्मचारीले आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

**इ) प्रसूती विदाः** महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ । प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

४.उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ ।

५. विदा दिने अधिकारीः बिदा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

६. विदा परिणत नहुनेः यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

७. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ ।

८. विदा लिने विधिः यस दफा वमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको जानकारी तोकिएको अधिकारीले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

९. कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखि विदा दिने वा नदिने निर्णय गर्नेछ ।

१०. विदाको अभिलेखः नगर प्रहरी प्रमुखले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र मासिक रुपमा प्रशासन शाखालाई विवरण पेश गर्नुपर्नेछ ।

११. तालिम अवधिमा विदा बस्ने वारेः यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

## दफा- ८
## विविध

**८.१ नगरपालिका प्रशासनको नियन्त्रण रहनेः** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**८.२ नगर प्रहरीको आचरणः**

८.२.१ दान उपहार लिन नहुनेः आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

८.२.२ चन्दा लिन नहुनेः कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

८.२.३ सम्पत्ति खरिदको जानकारी दिनुपर्नेः नगर प्रहरी कर्मचारीले आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गरेमा नगरपालिकाको कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

८.२.४ सम्पत्तिको विवरण दिनुपर्नेः नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाको प्रशासन शाखामा तोकिएको ढाँचामा सम्पत्तिको विवरण पेश गर्नुपर्नेछ ।

८.२.५ प्रकाशन र प्रसारण गर्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

८.२.६ रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

८.२.७ नगरपालिकाको आलोचनाः नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नुहुँदैन ।

८.२.८ निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

७.२.९ राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

८.२.१० समय पालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा कार्यस्थलमा खटिई काम गर्नुपर्दछ।

८.२.११ अनुशासन र आज्ञापालनः

- नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।
- नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।
- नगर प्रहरी कर्मचारीले माथिल्ला अधिकारी प्रति उचित आदर देखाउनुपर्नेछ ।

८.२.१२ बाह्य प्रभाव पार्न नहुनेः नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

८.२.१३ बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः नगर प्रहरी कर्मचारीले प्रचलित कानुन बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

**८.३ नगर प्रहरीको सजाय र पुनरावलोकनः**

८.३.१ सजायः उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः-

१. नसिहत दिने ।

२. तलव रोक्का गर्ने ।

३. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

४. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ।

५. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

८.३.१ नसिहत दिने वा प्रतिकूल राय लेख्नेः नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ।दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

८.३.२ नगर प्रहरी तलब वृद्धि वा पदोन्नति रोक्नेः नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको बढिमा २ महिनाको तलब रोक्का गर्न सक्नेछ ।

१. सन्तोषजनक काम नगरेमा ।

२. अनुशासनहीनता गरेमा ।

३. आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

४. दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

५. मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

६. लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

८.३.३ नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

१. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

२. राजनीतिमा भाग लिएमा

३. वरावर अनुशासनहीन काम गरेमा

४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

५. डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

६. भ्रष्टाचार गरेमा

७. आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

८. आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

९. मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

**८.४ सजाय गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।**

- नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर, भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधि वमोजिमको कार्यविधिको रीत पुर्याउनु पर्ने छैन ।

- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।
- सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।
- सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।
- कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन ।

- कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।
- सजायको आदेश दिने जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**८.५ नगर प्रहरीको पोशाकः** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ।हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईनेछ ।

## दफा-९
## अस्पताल सुरक्षाकर्मी सम्बन्धी व्यवस्था

९.१ रंगेली अस्पतालमा चौविसै घण्टा सुरक्षा प्रबन्ध मिलाउन अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय सहित रंगेली अस्पतालले सुरक्षाकर्मी अनुरोध गरेको आधारमा नगरपालिकाले अस्पताल सुरक्षाकर्मी छनौट गरी अस्पताललाई नियुक्तिको लागि सिफारिस गर्नेछ।

९.२ अस्पताल सुरक्षाकर्मीको छनौट र सिफारिसको कार्य २.३ को विधी अनुसार गरिनेछ।

९.३ अस्पताल सुरक्षाकर्मीको योग्यता, छनौटको विधी र प्राप्ताङ्क गणना प्रक्रिया नगर प्रहरी जवानको सरह हुनेछ।

९.४ अस्पताल सुरक्षाकर्मीको सेवा, शर्त, सुरक्षा र कार्य विवरण अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## दफा १०
## बचाउ र वाधा अड्काउ फुकाउ

**१०.१** यो कार्यविधी जारी हुनु अघि नगर प्रहरीका सम्बन्धमा भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधी भएको मानिनेछ।

**१०.२ बाधा अड्काउ फुकाउः** यो कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुने वा नगर कार्यपालिकाबाट अनुमोदन गराउने गरी नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने आदेश दिन सक्नेछ।

# अनुसूची -१

(दफा ४ को उपदफा ४.१ (क) संग सम्बन्धित)

## करारमा सेवा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः

नगरपालिकाको विभिन्न शाखामा रहने गरी नगर प्रहरीको रुपमा देहायको संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य/विवरण, पारीश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइटबाट उपलब्ध हुनेछ ।

पदः

नामः

संख्याः

शैक्षिक योग्यता र अनुभव (नमुना)

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता (पद अनुसार खुलाउने ) ।

३. अनुभवको हकमा (पद अनुसार खुलाउने ।

४. उमेर पद अनुसार खुलाउने ।

५. निरोगिताको प्रमाणपत्र (मान्यता प्राप्त चिकित्सकबाट प्रमाणीत भएको।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

७. दरखास्तमा संलग्न गर्नुपर्ने उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ।पेश गरिने सबै प्रतिलिपिको पछाड़ी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

## अनुसूची २

(दफा ५ को उपदफा ४.१ (ख) संग सम्बन्धित)

करारको लागि दरखास्त फाराम

(१) व्यक्तिगत विवरण

नाम थर (देवनागरीमा)..........

अंग्रेजी ठूलो अक्षरमा............

लिङ्ग..............

नागरिकता नं..............

जारीगर्ने जिल्ला...........

मितिः.......

(स्थायी ठेगाना (क) जिल्ला .........
नपा./गा.पा........... वडा नं...... टोलः...

२) शैक्षिक योग्यता

तालिम ( दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक
न्यूनतम शैक्षिक योग्यतारतालिम मात्र उल्लेख गर्ने।

आवश्यक न्यूनतम

श्रेणी/प्रतिशत

मूल विषय

शैक्षिक योग्यता

तालिम

देखि सम्म

मार्ग/ घर नं........ च)पत्राचार गर्ने ठेगानाः.....छ)इमेल...च) फोन नं.....

बाबुको नाम, धर............... बाजेको नाम, थर........................

जन्म

मितिः..............(वि.सं.मा)..............(ई.सं.मा)...........माहिना................

हालको उमेरः..............वर्ष.........

(३) अनुभव सम्बन्धी विवरण

कार्यालय

पद

विश्व विद्यालय/ बोर्ड / तालिम दिने संस्था

शैक्षिक उपाधि / तालिम संकाय

उपसमूह

श्रेणी तह

स्थायी/अस्थायी/

करार अवधि

## अनुसूची- ३
(दफा ५ को उपदफा ५.२ (ख) संग सम्बन्धित)

### नगर प्रहरी पदको करार सम्झौताको

रंगेली नगरपालिका नगरकार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ... जिल्ला ........... नगरपालिका/गाउँपालिका, वडा नं.बस्ने श्री (यसपछि दोस्रोपक्ष भनिएको का बीच नगर प्रहरीको कामकाज गर्न गराउन मिति को निर्णय अनुसार देहायका कार्य र शर्तको अधीनमा रहि दोश्रो पक्षले पहिलो नगरपालिका लाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा खुशि लियौ दियौ।

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ

२. दोस्रो पक्षले काम गर्नु पर्ने स्थानः रंगेली न.पा. क्षेत्र भित्र ।

३. करारमा काम गरे बापत पाउने पारीश्रमिकः प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई (अक्षरेपी रु. .. मासिक पारीश्रमिक उपलब्ध गराउनेछ ।

४. दोश्रो पक्षले रंगेली नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था
भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ

५. विदाः दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन ।

६. कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत सट्टा बिदा दिन सकिनेछ।

७. वार्षिक रुपमा करारको समासिसँगै मासिक करार रकमको दामासाहिले रकम बांकी विदा वापत दोश्रो पक्षलाई दिईनेछ ।

८. दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पाले पहिलो पक्षलाई दिनु पर्नेछ

९. दोस्रो पक्षले कार्यालयको कागजपत्र जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानी दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

१०. यो करार मिति ................. देखि लागु भई मिति....सम्म कायम हुनेछ ।

११. पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१२. दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारीश्रमिक दामासाहिले कट्टा गरिनेछ ।

लगातार ७ दिन भन्दा बढि सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सकिनेछ । निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

१३. दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन

१४. यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्ष (करार गर्ने व्यक्ति। |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| ठेगानाः | ठेगना |
| पदः- | पदः- |
| मितिः २०८... साल | मितिः २०८... साल |

रोहवर

१

२

/...................मितिः २०८... साल महिना.....गते.. रोज शुभम .................../

# अनुसूची ४
(दफा ४ को उपदफा ५.२ (ग) संग सम्बन्धित)

च.नं.
मितिः
प.सं.
श्री....................................
ठेगाना ।

विषयः करार सम्बन्धमा ।

तपाईलाई मिति ............. निर्णयानुसार सूचीकरण गरिए बमोजिम (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति देखि सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परीपालना गर्न हुन जानकारी गराइन्छ ।

बोधार्थ
श्री..............(आवश्यकता अनुसार दिने)

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५
(दफा ३ को उपदफा ३.५ संग सम्बन्धित)
**दोस्रो चरण**

**लिखित परीक्षा**

| खण्ड | विषय | अंक भार | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अङ्क भार |
|---|---|---|---|---|---|---|
| क. | नेपाली रचना | २० | १०० | ४० | विषयगत र वस्तुगत बहुवैकल्पिक प्रश्न | विषयगत प्रश्न (४ प्रश्न*५ अङ्क=२०) वस्तुगत प्रश्न (४० प्रश्न*२ अङ्क=८०) |
| ख. | अंग्रेजी | १५ | | | | |
| ग. | गणित | २५ | | | | |
| घ. | सामान्य ज्ञान र बौद्धिक परीक्षा (IQ) | ४० | | | | |

**लिखित परीक्षाको पाठ्यक्रम**
**पुर्णाङ्क १००**
**उत्तीर्णाङ्क ४०**
**खण्ड "क" नेपाली २० अङ्क**

**१. नेपाली लेखन**
(क) राष्ट्रिय गान
(ख) निबन्ध लेखन
(ग) चिट्ठी लेखन
(घ) निवेदन

**२. नेपाली व्याकरण**
(क) सामान्य नेपाली व्याकरण (काल, नाम, सर्वनाम) सम्बन्धी सामान्य जानकारी
(ख) शब्दार्थ (प्रचलित नेपाली शब्दको अर्थ)
(ग) वाक्यमा प्रयोग (प्रचलित शब्दको वाक्यमा प्रयोग)
(घ) विपरीतार्थक शब्द (प्रचलित शब्दको विपरीत अर्थ)
(ङ) शुद्ध लेखन (अशुद्ध गरी लेखिएको वाक्यलाई शुद्ध गरी लेख्ने)

**खण्ड "ख" अंग्रेजी १५ अंक**

१. Group 'A'
Basic skill and knowledge in English.
a. Simple sentence translation (English to Nepali and Nepali to English)
b. Fill in the blank (article, preposition, adjective, verbs, adverbs)

२.Group 'B'
Simple sentence making
a. Word Meaning
b. Matching different words according to their suitable words/groups.

## खण्ड "ग" गणित- २५ अङ्क

१. प्रथम खण्ड

(क) जोड

(ख)घटाउ

(ग) भाग

(घ) गुणन

(ङ)अंक र अक्षरमा लेखन

२. द्वितीय खण्ड

(क) प्रतिशत

(ख) सरलीकरण

(ग) ऐकिक नियम

(घ) नाफा नोक्सान र साधारण व्याज

## खण्ड "घ" सामान्य ज्ञान तथा बौद्धिक परीक्षण ४० अंक -

(अ) सामान्य ज्ञान

(क) नेपालको ऐतिहासिक सम्बन्धी सामान्य जानकारी

ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु । किराँत, लिच्छवी, मल्ल र नेपालको आधुनिक इतिहास ।

(ख) नेपालको भूगोल सम्बन्धी ज्ञान

क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक विभाजन ।

नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।

नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु ।

नेपालमा पाइने बन तथा बनस्पति

संरक्षित जनावर तथा जडिबुटी ।नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र ।

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाती र जनसंख्या सम्बन्धी ज्ञान

(घ) नेपालको वर्तमान संविधान (जारी मिति, भाग धारा र अनुसूची संख्या)

(ङ) नगर पालिका, नगर प्रहरी सम्बन्धी सामान्य जानकारी

(ङ) नगर पालिकाको कार्यालयहरु सम्बन्धी नेपाल प्रहरी, नगर प्रहरीको दर्जा सम्बन्धी ,नगर प्रहरीको काम, कर्तव्य सम्बन्धी, नगर प्रहरीको आचरण सम्बन्धी र नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता । हुलाकी राजमार्ग, रंगेली नगरपालिका अन्तर्गतका सहायक मार्गहरु, फुटपाथ पसल, हाट,बजार लाग्ने स्थल, पशु बधशाला, गाडी पार्किङ्ग स्थल सम्बन्धी ।

(च) महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद

(आ) बौध्दिक परीक्षण (आई. क्यू.)

शाब्दिक तथा शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिड डिकोडिङ, मिल्दो नमिल्दोछुट्टयाउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण

**तेस्रो चरण**

**अन्तर्वार्ता परीक्षा**

रंगेली नगरपालिकाको कार्यविधि बमोजिम हुने।

आज्ञाले

ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत